सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

# काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक




❐ वर्ष : २५ ❐ अंक : १३४ ❐ बुधवार, १३ फागुन, २०८२ ❐ Wednesday, 25 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

# निर्वाचन प्रचारमा सरकारी पदको दुरूपयोग बढ्यो, आयोगमा उजुरीको चाङ

***स्थानीय तहका जनप्रतिनिधि, प्रदेशसभाका सांसददेखि मुख्यमन्त्रीसम्मका जनप्रतिनिधि आचारसंहिता उल्लंघन गर्दै दल तथा उम्मेदवारको पक्षमा खुलेआम प्रचारमा लागेका हुन् ।***

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १२ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसिभा निर्वाचनका लागि कर्णाली प्रदेशका अधिकांश जनप्रतिनिधि निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसारमा संलग्न छन् । कुनै एक वडा सदस्यदेखि स्थानीय तहका जनप्रतिनिधि र कर्णाली प्रदेशसभा सांसददेखि मुख्यमन्त्रीसम्मका जनप्रतिनिधि आचारसंहिता उल्लंघन गर्दै दल तथा उम्मेदवारको पक्षमा खुलेआम प्रचारमा लागेका हुन् । कर्णालीसँगै सबै प्रदेशका जनप्रतिनिधि आचारसंहिता उल्लंघन गर्दै दल तथा उम्मेदवारको पक्षमा खुलेआम प्रचारमा लागेपछि देशैभरीबाट निर्वाचन आयोगमा उजुरी पुर्न थालेको छ ।

यसबिषयमा निर्वाचन आयोगले गम्भीर ध्यानाकर्षण जनाउँदै जनप्रतिनिधिहरुलाई आचारसंहिता उल्लंघन हुने गरी प्रचारप्रसारमा नलाग्न चेतावनी दिएको छ । आयोगले प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको छ । सो आचारसंहिताको पूर्ण पालना गर्नु सबै राजनीतिक दल, उम्मेदवार र सरोकारवाला पक्षको दायित्व भएको आयोगले स्पष्ट पारेको हो ।

आचारसंहिताको दफा ५ को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशको बुँदा नम्बर (४) अनुसार स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारमा संलग्न हुन सक्ने व्यवस्था छ । तर, सोही दफाको खण्ड (ख) ले प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत-साधनको प्रयोग गर्न नहुने स्पष्ट व्यवस्था गरेको छ ।

तर, केही स्थानीय जनप्रतिनिधि आफू कार्यरत स्थानीय तहभित्रै दल तथा उम्मेदवारको पक्षमा प्रचारमा उत्रिएको भन्दै आयोगमा उजुरी तथा गुनासो प्राप्त भएको आयोगका सहसचिव तथा प्रवक्ता नारायण प्रसाद भट्टराईले बताए । उनले जारी गरेको सूचनामा स्थानीय तहका सबै जनप्रतिनिधिलाई आफ्नो पदको मर्यादा, तटस्थता र कानुनी दायित्व मनन गर्दै आचारसंहिता विपरीत हुने कुनै पनि प्रकारको प्रचारप्रसार गतिविधिमा संलग्न नहुन निर्देशन दिइएको छ ।

'यसप्रति आयोगले गम्भीर चासो व्यक्त गर्दै आचारसंहिता प्रतिकूल गतिविधिमा संलग्न नहुन सचेत गराएको छ' उनले भने, यदि कुनै स्थानीय कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिता, २०८२ उल्लंघन गरेको पाइएमा आचारसंहिताको दफा ४८ बमोजिम कारबाही गरिने आयोगले चेतावनी समेत दिइसकेको छ ।

साथै आचारसंहिताको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृत, निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयलाई आवश्यक अनुगमन गर्न आग्रह गरिएको आयोगले जनाएको छ ।




## चुनाव चिन्ह प्रयोगबारे आग्रह

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का क्रममा प्रचारप्रसार गर्दा भौतिक स्वरुपका चुनाव चिन्ह प्रयोग नगर्न राजनीतिक दल तथा उम्मेदवारलाई आग्रह गरेको छ ।

आयोगका अनुसार निर्वाचनका सन्दर्भमा कतिपय दल वा उम्मेदवारले धातु, काठ वा अन्य कडा सामग्रीबाट बनेका चुनाव चिन्ह साथमा बोकी प्रचारप्रसार गर्ने गरेको र यसबाट सार्वजनिक शान्ति तथा सुरक्षामा प्रतिकूल असर परेको भन्ने गुनासो प्राप्त भएका छन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१(१) अनुसार निर्वाचनका लागि दल तथा उम्मेदवारलाई वितरण गरिने चुनाव चिन्ह आयोगले निर्धारण गर्ने व्यवस्था छ । यस्तै प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा ४३ (१) मा दललाई अनुसूची-३० बमोजिम र स्वतन्त्र उम्मेदवारलाई अनुसूची-३१ बमोजिम चुनाव चिन्ह प्रदान गरिने उल्लेख छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को खण्ड (ड) मा दलको झण्डा र चुनाव चिन्ह प्रयोग सम्बन्धी मापदण्ड स्पष्ट गरिएको छ । आयोगले कपडा, तुल, फ्लेक्स वा कागजमा छापी वा प्रिन्ट गरी तोकिएको मापदण्ड अनुसार प्रचारप्रसार गर्न सकिने भए पनि धातु, काठ वा अन्य सामग्रीबाट बनेका भौतिक स्वरुपका चिन्ह प्रयोग गर्दा सुरक्षा जोखिम बढ्ने जनाएको छ ।

आयोगले आम जनमानसको सुरक्षालाई ध्यानमा राख्दै तोकिएको मापदण्ड बाहेकका सामग्री प्रयोग नगर्न र आचारसंहिता विपरीत गतिविधि नगर्न सबै सरोकारवालासँग अनुरोध गरेको छ । उल्लंघन गरेको पाइएमा आचारसंहिता विपरीत कारबाही गरिने चेतावनी समेत आयोगले दिएको छ ।

## राजनीतिक दललाई निर्देशन

चुनावलाई लक्षित गर्दै निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारहरूलाई कडाइका साथ आचारसंहिता पालना गर्न निर्देशन दिएको छ ।

आयोगले फागुन ३ गते निर्णय गर्दै निर्वाचन प्रक्रियालाई स्वच्छ, निष्पक्ष र भयमुक्त बनाउन विभिन्न गतिविधिमा रोक लगाएको जनाएको छ । आयोगका अनुसार निर्वाचनको सिलसिलामा प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले अवरोध सिर्जना गर्न नपाइने जनाएको छ ।

'धाकधम्की, डरत्रास, सामाजिक बहिष्कार, हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन तथा प्रयोग, आर्थिक प्रलोभन, लोभलालच देखाउने जस्ता गतिविधि गर्न नहुने स्पष्ट पारेका छौं' आयोगका प्रवक्ता भट्टराईले भने, 'आयोगले प्रचारप्रसारको समयसीमा पनि तोकेको छ । राजनीतिक दल तथा उम्मेदवारले फागुन ४ गतेदेखि १८ गतेसम्म मात्र जुलुस, आमसभा, कोणसभा, घरदैलो कार्यक्रम तथा सञ्चारमाध्यममार्फत प्रचारप्रसार गर्न पाउने छन् ।

उनका अनुसार तोकिएको अवधि बाहेक प्रचार गतिविधि गरे कानुनी कारबाही हुने आयोगले चेतावनी दिइएको छ । त्यसैगरी निर्वाचन अवधिभित्र मतदातालाई मतदान गर्न वा नगर्न प्रभावित पार्ने उद्देश्यले नगद, जिन्सी, उपहार, इनाम, दानदातव्य वा सार्वजनिक भोज आयोजना गर्न तथा त्यस्ता कार्यमा सहभागी हुन नपाइने व्यवस्था गरिएको छ ।

आयोगले निर्वाचन प्रचारप्रसारका क्रममा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच पुग्ने गतिविधि नगर्न पनि निर्देशन दिएको छ । कुनै धर्म, जातजाति, वर्ग, क्षेत्र वा समुदायबीच वैमनस्य फैलाउने र घृणा उत्पन्न गर्ने तथा हिंसात्मक गतिविधि उक्साउने कार्य कदापि सह्य नहुने आयोगको भनाइ छ । आयोगले निर्वाचनलाई शान्तिपूर्ण, व्यवस्थित र विश्वसनीय बनाउन सबै राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालालाई जिम्मेवार बन्न आग्रह गरेको छ ।

# मतदान हुनुभन्दा ७२ घण्टाअघि सीमानाका बन्द

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १२ फागुन

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन भन्दाअघि सीमानाका बन्द गर्ने निर्णय गरिएको छ । मंगलबार निर्वाचन आयोगमा बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले नेपाल-भारत र नेपाल-चिन तर्फको सीमाना मतदान हुनुभन्दा ७२ घण्टाअघि बन्द गर्ने निर्णय गरेको हो ।

सीमानामा ७२ घण्टाअघि आवागमन बन्द गर्ने निर्णय गरिएको बैठकमा सहभागी निर्वाचन आयोगका एक जना उच्च अधिकृतले बताए ।

उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउत, नेपाल प्रहरीका आईजीपी दान बहादुर कार्की, सशस्त्र प्रहरीका आईजी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख र नेपाली सेनाका प्रतिनिधिहरू सहभागी थिए ।

मतदानअघि मादक पदार्थ बेचबिखनमा रोक लगाउनेबारे पनि छलफल भएको छ । बैठकमा सहभागी एक जना अधिकृत भन्छन्, 'मादक पदार्थ बिक्रीमा रोक लगाउनेबारे छलफल भएको छ, त्यसबारे आयोगबाट समय तोकेर विज्ञप्ति प्रकाशन गर्ने काम हुन्छ ।'

बैठकमा फागुन १९ मा परेको तराई को होली पर्व र जनकपुरमा हुने माध्यमिकी परिक्रमा मेलाबारे पनि छलफल भएको छ । भारतको सितमढीबाट हिँडेर बिसौं हजार मानिस जनकपुरको जानकी मन्दिरमा आउने र फागुन १८ गते फिर्ता हुँदैछन् ।

सो परम्परा र होलीलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारे छलफल भएको छ । बैठकमा सहभागी आयोगका एक जना अधिकृत भन्छन्,
'मौन अवधिमा होली पर्व परेको हुनाले कसरी व्यवस्थापन गर्ने भन्नेबारे छलफल भएको छ ।'

भारतीय नम्बर प्लेटका सवारी साधनलाई रोक लगाउनेबारे पनि छलफल भएको छ । तर, मतदान हुनुभन्दा कत्ति दिनअघिदेखि विदेशी नम्बर प्लेटको सवारी चल्न नदिने भन्नेबारे निर्णय गर्ने अधिकार आयोगलाई दिइएको छ ।

हिमाली जिल्लमा हिँउ परिरहेको र त्यसबाट निर्वाचनमा खटिने सुरक्षाकर्मी तथा कर्मचारीलाई लेक लाग्ने चुनौतीबारे छलफल भएको छ । बैठकमा सहभागी ती अधिकृत भन्छन्, 'मतपेटिका सहितका निर्वाचन सामग्री कसरी हिमाली जिल्लामा लैजाने भन्ने विषयमा छलफल भएको छ ।'

# कर्णालीमा १५ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १२ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि कर्णाली प्रदेशमा तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन हुन आठ दिन मात्र बाँकी रहँदा सुरक्षा व्यवस्थापन कडाइका साथ अघि बढाइएको छ भने निर्वाचन सामग्री ढुवानी कार्य तीव्र बनाइएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रामप्रकाश शाहका अनुसार प्रदेशका १० वटै जिल्लामा निर्वाचन सामग्री पुगिसकेको छ । अब ती सामग्री सम्बन्धित मतदान स्थलसम्म पुऱ्याउने काम भइरहेको उनले बताए ।

निर्वाचनसँग सम्बन्धित सामग्री सबै जिल्लामा पुगिसकेको छ । भोलि-पर्सीसम्म थप जनशक्ति र आवश्यक सामग्री पनि सम्बन्धित स्थानमा पुगिसक्नेछ, शाहले जानकारी दिए । निर्वाचनलाई सुरक्षित र व्यवस्थित बनाउन कर्णालीमा १५ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । प्रहरीका अनुसार ५ हजार ५ सय ८० जना नेपाल प्रहरी र ९ हजार ७ सय ४२ जना म्यादी (निर्वाचन) प्रहरी खटिएका छन् ।



कर्णाली प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक जयराज सापकोटाले निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउन जिल्ला-जिल्लामा खटिने सुरक्षाकर्मीलाई विशेष निर्देशन दिइसकेको जनाइएको छ ।

**विमानस्थल र कारागारको सुरक्षा सेनाको जिम्मामा**

संवेदनशील क्षेत्रको रूपमा हेरिएका कर्णालीका विमानस्थल र कारागारको सुरक्षा जिम्मा नेपाली सेनाले लिएको छ । सुर्खेत, रुकुम, डोल्पा, मुगु, जुम्ला र हुम्ला जिल्लामा रहेका ६ वटा विमानस्थल तथा ९ वटा कारागारको सुरक्षामा सेना खटिएको प्रवक्ता शाहले बताए ।

**हिमाली जिल्लामा 'हेली ड्रप' तयारी**

कर्णालीका हिमाली जिल्लामा हिउँ र दुर्गम भूगोलका कारण निर्वाचन सामग्री ढुवानी तथा मतपत्र संकलनमा चुनौती देखिएको छ । प्रहरीका अनुसार दुर्गम भेगका मतदान स्थलमा सामग्री पुऱ्याउन र मतदानपछि मतपत्र संकलन गर्न हेलिकप्टर ('हेली ड्रप') प्रयोग गर्ने तयारी गरिएको छ । हिमाली भेगका मतदान केन्द्रमा हेलिकप्टरबाट सामग्री पठाउने र मतदानपछि मतपत्र संकलन गर्ने योजना अनुसार काम भइरहेको छ, शाहले बताए । हिउँका कारण यातायात अवरुद्ध हुने सम्भावनालाई ध्यानमा राख्दै सुरक्षा निकायले अतिरिक्त सतर्कता अपनाएको छ । सडक सञ्जाल नपुगेका विकट स्थानमा नेपाली सेनाले घोडाको सहारामा समेत गस्ती गरिरहेको जनाइएको छ ।

**मतदाता र मतदान केन्द्र**

कर्णाली प्रदेशमा कुल १० लाख ३७ हजार २ सय ५० जना मतदाता रहेका छन् । तीमध्ये करिब ६० देखि ७० प्रतिशतसम्म मतदान हुने अनुमान गरिएको छ । प्रदेशभर ९ सय ४१ मतदान स्थल र १ हजार ४ सय ३७ मतदान केन्द्र निर्धारण गरिएको छ ।

# लामो दूरीका बसमा निर्धारित दरभन्दा फरक असुली

❐ काँक्रेविहार संवाददाता
डोल्पा, १२ फागुन

हिमाली जिल्ला डोल्पामा लामो दूरीका बस सेवामा टिकट काउन्टर र व्यवसायीले मनपरी भाडा असुल्ने गरेको गुनासो बढ्दै गएको छ । दुनै-काठमाडौं, काठमाडौं-दुनै तथा दुनै-नेपालगञ्ज रुटमा सञ्चालन हुने बसहरूले यात्रुबाट फरक-फरक दरमा भाडा लिने गरेको पाइएको हो । गत शुक्रबार काठमाडौंबाट डोल्पो संयुक्त यातायातमार्फत डोल्पा पुगेका यात्रु पन्न नेवारका अनुसार एउटै बसमा यात्रा गर्ने यात्रुहरूबाट असमान भाडा उठाइएको थियो । मैले आधा बाटोको तीन हजार तिर्ने, कसैबाट डोल्पासम्मकै दुई हजार पाँच सयदेखि तीन हजार मात्रै लिएको रहेछ, उनले भने, टिकट काउन्टरमा यात्रुको अवस्था हेरेर भाडा निर्धारण गर्ने गरिएको देखिन्छ । उनका अनुसार यसरी मनपरी शुल्क लिँदा सोझासाझा र जानकारी नहुने यात्रु बढी मारमा पर्ने गरेका छन् ।

आसन्न निर्वाचनमा मतदानका लागि घर फर्किएका उपल्लो डोल्पाका यात्रुहरूबाट चार हजार आठ सयदेखि पाँच हजार रुपैयाँसम्म असुलिएको समेत गुनासो छ । डोल्पो संयुक्त मात्र नभई बटालियन यातायात, मजबुद यातायात, मैयाँ काजी लगायतका समितिमार्फत सञ्चालन हुने बस सेवाका टिकट काउन्टरहरूबाट पनि अनियमित रूपमा भाडा उठाइने गरेको यात्रुहरू बताउँछन् । डोल्पाबाट काठमाडौंका लागि निर्धारित भाडादर पाँच हजार आठ सय रुपैयाँ भए पनि गन्तव्य र यात्रुको अवस्थाअनुसार फरक-फरक रकम असुल्ने गरिएको आरोप छ । डोल्पा-नेपालगञ्ज रुटका रात्रि बसमा समेत यस्तै समस्या देखिएको यात्रुहरूको भनाइ छ । यात्रुहरूका अनुसार मनपरी भाडा असुल्दा पनि विभिन्न स्थानमा रहेका प्रहरी तथा ट्राफिक चेकपोस्टले प्रभावकारी अनुगमन नगरेको गुनासो छ । यस विषयमा जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायब उपरीक्षक रुकबहादुर खड्काले भाडा असुलीसम्बन्धी गुनासोलाई गम्भीर रूपमा लिइएको बताए ।

उनले निर्धारित दरअनुसार मात्र टिकट काट्न र सबै काउन्टरमा एकरूपता कायम गर्न सम्बन्धित प्रहरी पोष्टहरूलाई निर्देशन दिइसकेको जानकारी दिए । अनियमितता पाइएमा कारबाही गरिने उनले चेतावनी दिएका छन् ।

## सम्पादकीय

# गाउँ फर्क मतदाता

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा कर्णालीमा एउटा गम्भीर प्रश्न उठेको छ । जो मतदाता गाउँ फर्किएलान् कि नफर्किएलान् भन्ने ? लोकतन्त्रको आधार नै जनताको सहभागिता हो । तर रोजगारी, अध्ययन र व्यवसायका कारण जिल्ला बाहिर तथा भारत र चीनका सीमावर्ती सहरमा पुगेका हजारौँ मतदाता मतदानमा अनुपस्थित रहने संकेत देखिँदा सहभागितामूलक लोकतन्त्रको मर्ममै चुनौती थपिएको छ । कर्णाली प्रदेशमा ९४१ मतदानस्थल र एक हजार ४३७ मतदान केन्द्र तोकिएका छन् । १० लाख ३७ हजारभन्दा बढी मतदाता रहेको प्रदेशका १२ निर्वाचन क्षेत्रमा १३२ उम्मेदवार चुनावी मैदानमा छन् । सुरक्षा संवेदनशीलताका आधारमा ४४१ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखी विशेष सुरक्षा व्यवस्था मिलाइएको छ । निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रम तीव्र बनाएको छ भने नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले संयुक्त सुरक्षा योजना कार्यान्वयन गरेका छन् । दुर्गम र हिमाली जिल्लामा सामग्री ढुवानी र कर्मचारी परिचालन पनि तीव्र छ । तयारीका दृष्टिले राज्य संयन्त्र सक्रिय देखिन्छ । तर तयारीभन्दा ठूलो प्रश्न उपस्थितिको हो ।

कर्णालीका अधिकांश परिवारमा कम्तीमा एक सदस्य रोजगारीका लागि बाहिर छन् । विशेषतः जुम्ला, मुगु, हुम्ला, डोल्पा, कालिकोट र जाजरकोटका अधिकांश मतदाता भारतमा गएका छन् । भने दैलेख, रूकुमपश्चिम, सल्यान र सुर्खेतबाट ठूलो संख्यामा युवा भारत तथा अन्य बैदेशिक सहरमा गएका छन् । तर धेरै मतदाता फर्किन नसक्ने अनुमान गरिएको छ । यदि बाहिर रहेका मतदाता नफर्किए कम प्रतिशतमा मत खस्ने र परिणाम प्रतिनिधित्वहीन हुने जोखिम पनि बढेको छ । हुम्लाजस्तो जिल्लामा अवस्था अझ चिन्ताजनक छ । भारतका नैनीताल, अल्मोडा, गोरखपुर, लखनउ लगायतका सहर तथा चीनको ताक्लाकोटमा काम गरिरहेका हजारौँ मतदाता मतदानका लागि फर्किने सुरसारमा छैनन् । केही गाउँपालिकाबाट मात्रै हजारौँ युवा बाहिर रहेको तथ्यांक छ । हुम्लामा कुल ३४ हजारभन्दा बढी मतदाता रहे पनि करिब तीन हजार बढी मतदाता भारत र चीनमा छन् । उनीहरू मतदानबाट वञ्चित हुने अवस्था देखिएको छ । यो केवल संख्या घट्नु मात्र होइन, लोकतान्त्रिक प्रतिनिधित्व कमजोर हुनु पनि हो । राजनीतिक दल र उम्मेदवारहरूले बाहिर रहेका मतदातालाई गाउँ फर्कन आह्वान गरिरहेका छन् । केहीले यातायात व्यवस्थापनमा पहल गरेको चर्चा पनि छ । मतको मूल्य र लोकतन्त्रको भविष्यबारे अपिल गर्नु स्वाभाविक र आवश्यक हो । तर प्रश्न पनि उठिरहेको छ, के चुनावकै बेला मात्र मतदातालाई सम्झनु पर्याप्त हो ?

वर्षौंदेखि वैदेशिक तथा मौसमी रोजगारी कर्णालीको बाध्यता बनेको छ । राज्य र दलहरूले रोजगारी सिर्जना, आर्थिक अवसर विस्तार र दीर्घकालीन विकासमा ठोस पहल नगर्दासम्म हरेक निर्वाचनमा यही चिन्ता दोहोरिनेछ । तर अहिलेको मुख्य प्राथमिकता भनेको सहभागिता बढाउनु हो । सुरक्षा सुदृढीकरण, यातायात सहजता र जनचेतना अभिवृद्धिसँगै मतदाताको व्यक्तिगत जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण छ । लोकतन्त्र केवल उम्मेदवार र दलको मात्र विषय होइन, नागरिकको सक्रिय सहभागिताबाट सुदृढ हुने व्यवस्था हो । एक मतले परिणाम बदल्न सक्छ । अझ महत्वपूर्ण कुरा त एक मतले आफ्नै भविष्य निर्धारण पनि गर्नसक्छ । त्यसैले, गाउँ फर्क मतदाता । आफ्नो मताधिकार प्रयोग गर्नु केवल अधिकार होइन, कर्तव्य पनि हो । कर्णालीको आगामी राजनीतिक दिशा, विकासको प्राथमिकता र नेतृत्वको छनोट तपाईंको उपस्थितिमा निर्भर छ । लोकतन्त्र बलियो बनाउन घर फर्केर मतदानमा सहभागी हुनु आजको आवश्यकता हो ।



✍ डा. मानबहादुर बीके

# जेनजीको माग अग्रिम निर्वाचन नै थियो त ?

हुन त यो विषय निर्वाचनको मुखमै आएर उठाउँदा बेतुकको लाग्ला तर सोचनीय चाहिँ पक्कै छ । सोचनीय यस कारणले पनि छ कि जेनजी आन्दोलनको बलमा आएको अग्रिम निर्वाचन के कारणले अरु भन्दा फरक छ भन्ने खुट्याउन गाह्रो छ ।

साविकको संवैधानिक तथा कानूनी प्रणाली र त्यसको हालसम्मको अभ्यासले जति पटक निर्वाचन गरे पनि नियमित निर्वाचन भन्दा प्राविधिक रूपमा यो फरक हुन सक्ने अवस्था छैन । अझै भनौं परम्परागत प्रजातन्त्रको अभ्यास यस्तै हो । आन्दोलन चलाउने र आन्दोलन दबाउने एउटै मैदानमा निस्फिक्रीका साथ निर्वाचन अभियानमा छन् । हुन त यसलाई पनि प्रजातन्त्रको सुन्दर पक्षका रूपमा लिइएला । यति ठूलो क्षतिपछिको यो दृष्य कति 'सुन्दर' हो जनताले आँकलन गर्लान् नै ।

जेनजी अगुवाहरूले बडो भरोसाका साथ गठन गरेको सरकारले अरु त परै जाओस् जेनजी आन्दोलनको अध्ययन समेत पूरा गर्न सकेन । आन्दोलनको जगमा बनेको नागरिक सरकार स्वयं परम्परागत शैलीबाट मुक्त हुन सकेन; जसले गर्दा यसले गरेका निर्युक्ति र काम कारबाही विवादमुक्त रहन सकेनन् । जेनजी तथा नागरिक अगुवाका विश्वास पात्रका रूपमा निर्वाचनको मुख्य जिम्मेवारीका लागि मन्त्री बनाइएका व्यक्ति नै निर्वाचनको मुखैमा आएर एकाएक जिम्मेवारी छोडी चुनावी यात्रामा लागे। अरु त अरु सुशासनको नमूना बन्न आएको मन्त्रिपरिषद्का सदस्यहरूले अभ्यासमा चल्दै आएको सम्पत्ति विवरण पनि सार्वजनिक गरेनन् ।

संविधान जोगाइएकोमा गर्व गरिएको यो क्षणमा सरकार गठन र विभिन्न नियुक्तिमा समावेशी बनाउने ठूलो अवसर थियो तर व्यवहारमा त्यो देखिएन । उही परम्परागत घेराबन्दीमा सरकार रह्यो । आफूले गर्न सक्ने रूपान्तरणका सामान्य कुरा पनि गर्न चाहेन । परिणामतः संविधानलाई चलाउन नसके पनि ऐन नियममा केही संशोधन गरी परिवर्तनको अनुभूति गराउन सकिने अवसर गुम्यो वा बर्चश्वशालीहरूले त्यो परिवर्तन रोक्न सफल भए । जस्तै; प्रतिनिधिसभा निर्वाचन ऐन संशोधन गर्दा बढीभन्दा बढी जेनजी प्रतिनिधित्व र समावेशी होस् भन्नका लागि तीनवटा प्रस्ताव गरिएको थियो; एकपटक संसद् भइसकेको व्यक्ति समानुपातिक उम्मेदवार हुन नपाउने, प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी उठाउँदा राजनीतिक दलले समानुपातिक हुनेगरी उठाउनुपर्ने र समानुपातिक प्रणालीबाट सदस्य छनोट गर्दा प्रतिनिधिसभा समानुपातिक हुन प्रत्यक्षबाट निर्वाचन भएपछि जुन समूहको जनसंख्याको आधारमा आवश्यक संख्या पुग्दैन त्यति संख्या समानुपातिक सूचीबाट परिपुरण गर्ने ।

कम्तीमा यति गरेको भए केही संरचनात्मक रूपान्तरणको सन्देश नागरिकमा पुग्ने थियो । जसले जेनजी आन्दोलनको परिणामको सान्दर्भिकता पुष्टि गर्थ्यो । यति कुराका लागि संविधान संशोधन चाहिँदैनथ्यो; तर त्यो अवसर पनि गुम्यो ।

जेनजी आन्दोलनको पृष्ठभूमि हेर्दा यो कुनै संगठित राजनीतिक दल वा शक्ति केन्द्रको निर्देशनमा उत्पन्न भएको आन्दोलन थिएन । सामाजिक सञ्जालमाथि लगाइएको रोक, अभिव्यक्ति स्वतन्त्रतामाथिको नियन्त्रण, ठूलो स्तरका भ्रष्टाचार प्रकरणमा पनि कारबाही नहुनु, राज्य संयन्त्रप्रति विकसित अविश्वास र विशेषतः युवामा सृजना भएको निरासाले आन्दोलनको जग बनेको थियो । बेरोजगारी, अवसर-असमानता, विदेशिने बाध्यता, रोजगारमूलक शिक्षा नहुनु र पुरानो नेतृत्वले युवा पुस्तालाई प्रतिनिधित्व गर्न नसकेको भावना यस आन्दोलनको ऊर्जा बन्यो ।

अझै अलमल त निर्वाचनपछि के हुन्छ भन्ने कुराले पनि पारेको छ । यसबाट पनि प्रष्ट हुन्छ कि मुलुकको समस्या शासन चलाउने पात्रमा मात्र होइन शासकीय संरचनात्मक व्यवस्थामै छ भन्ने ।

जेनजी पुस्ताका युवाबाट शुरू भएको विरोध प्रदर्शन अत्यन्त छोटो समयमै देशव्यापी जनआन्दोलनमा परिणत भयो र दुई दिनमै मुलुकले ठूलो क्षति बेहोर्नु परेको मात्र होइन सत्ता च्युत नै भयो । यति छोटो समयमा निशस्त्र आन्दोलनबाट सत्ता ढलेको विश्व इतिहासमा यो नै पहिलो हुन सक्छ । यसबाट जेनजी अभियन्ता/अगुवाको काँधमा अकस्मात् ठूलो जिम्मेवारी आइलाग्यो । यही मौकामा विभिन्न स्वार्थ समूहको घुसपैठ र प्रभाव त रहने नै भयो । राज्य सञ्चालनको संरचनात्मक व्यवस्थाको गहिरो अभिमुखीकरण नभएका जेनजी अगुवाले के गर्दा उपयुक्त हुन्छ भन्ने कुरामा यकिन गर्न गाह्रो भयो; जुन स्वाभाविकै थियो । उनीहरूसँग क्रान्तिकारी कदम चाल्ने वा सुधारात्मक कदम अवलम्बन गर्ने भन्ने छनोटको अवसर थियो । यस्तो बेला नागरिक समाजको इमान्दारी प्रयास जरुरी थियो तर हाम्रो नागरिक समाज कसको पकडमा छ भन्ने कुराले यो निर्धारण गर्दो रहेछ । जसको जल्दोबल्दो सवाल छ उनीहरू नागरिक समाजको मूल प्रवाहमा छैनन् । त्यो मात्रै हो र जेनजी आन्दोलनमा जो जो अग्रपंक्तिमा रहेर ज्यानको बाजी थापे उनीहरू नै निर्णायक हुन सकेनन् । यो मैले प्रत्यक्ष अनुभूत गरेर भन्दैछु । जब मुलुकले पहिलोपटक एक महिला प्रधानमन्त्री पाउने निश्चित भयो सम्पर्कमा रहेका आन्दोलनको अगुवा जेनजी भाइबहिनीहरूलाई प्रधानमन्त्रीको शपथ ग्रहण गर्दा कम्तीमा जेनजीको प्रतिनिधित्व गर्न सक्ने एकजना जनजाति र एकजना दलितलाई मन्त्रीको रूपमा शपथ ग्रहण गराउन सके समाजमा राम्रो सन्देश जान्छ भन्ने सल्लाह दिइएको थियो । तर जब निर्णायक तहमा रहेकासम्म कुरा पुग्यो यस्तो बेला 'जातका कुरा' भनेर टारिएछ । यसबाट संविधानले प्रत्याभूत गरेको समावेशिताको सवाललाई 'जातका कुरा'का रूपमा सीमित गर्ने परम्परागत शैली यहाँ पनि देखियो ।

यसलाई जातको कुरा होइन; यो संविधानले अङ्गीकार गरेको सामाजिक-आर्थिक रूपान्तरणमार्फत राष्ट्र निर्माणको कुरा हो भन्ने बुझाउनै गाह्रो भयो । जबकि हरेक आन्दोलनको अन्तर्निहित मनसाय यही नै रहेको हुन्छ । तर माथिका दुवै विकल्प भन्दा बेग्लै यथास्थिति उपक्रमको निर्वाचनमा आन्दोलन थामियो । यसबाट शुरूआतमै मुलुकले जेनजी आन्दोलनले सृजना गरेको राम्रो अवसर गुमायो ।

सरसर्ती हेर्दा कतै जनआन्दोलनको रूपमा स्थापित यो आन्दोलन 'क्रिएटिभ डिस्ट्रक्सन' हुन नसकेर 'डिस्ट्रक्सन' मात्र हुने त होइन भन्ने पनि लाग्दो रहेछ । किनकि हरेक जनआन्दोलनले तुरुन्तै देखिने परिवर्तन ल्याएको छ; जस्तै २००७ सालको आन्दोलनले राणा शासन फाल्यो, २०४६ सालमा पञ्चायत ढल्यो भने २०६२/६३ ले समानुपातिक समावेशितासहित गणतान्त्रिक प्रावधान ल्यायो । फलस्वरूप संविधानसभामार्फत् २०७२ सालमा नेपालको संविधान जारी भयो । त्यसको लगत्तै भएको मधेश आन्दोलनले संघीयता ल्यायो ।

यसरी हेर्दा जेनजी जनआन्दोलनले के ल्यायो ? भन्ने प्रश्न अस्वाभाविक होइन । के साविकको सत्ता च्युत, प्रतिनिधिसभा विघटन र अग्रिम निर्वाचन नै यसको उपलब्धि हो त ? भन्ने कुरालेधेरैलाई अलमल पारेको छ । फन् अलमल त धेरै जेनजीले भरोसा गरेका नयाँ भनिने राजनीतिक दलको परम्परागत शैलीले पारेको छ । अझै अलमल त निर्वाचनपछि के हुन्छ भन्ने कुराले पनि पारेको छ । यसबाट पनि प्रष्ट हुन्छ कि मुलुकको समस्या शासन चलाउने पात्रमा मात्र होइन शासकीय संरचनात्मक व्यवस्थामै छ भन्ने । तसर्थ, आधारभूत संरचनागत रूपान्तरणका केही सर्तसहित नागरिक सरकार ल्याउनुपर्थ्यो । अरु केही नभए पनि माथि उल्लिखित गरिएका निर्वाचन ऐनको सुधार मात्रै भएको भए पनि केही परिवर्तनको स्वरूप नतिजामै देखिन्थ्यो । यसले केही हदसम्म क्रिएटिभ डिस्ट्रक्सनको अनुभूति हुन्थ्यो । तथापि मनोवैज्ञानिक रूपमा आन्दोलनले केही महत्त्वपूर्ण सन्देश दिएको छ । जस्तै; युवाहरू रम्ने रमाउने मात्र हैन शासन व्यवस्थाका बारेमा गहिरो चासो राख्छन्, जनताको शक्ति सबै भन्दा बलियो हुन्छ, यसले राज्यका सबै शक्ति ढालिदिन्छ, नवउदार अर्थव्यवस्थाले कसरी राज्यका निकायहरूलाई दोहनकारी संस्थाका रूपमा रूपान्तरण गरी कमजोर बनाईदिन्छ भन्ने सन्देश दिएको छ। यो आफैंमा ठूलो सामाजिक/राजनीतिक पुँजी हो ।

यिनै कुरामा अलमलिएर बस्नुको अब कुनै तुक छैन । अब के गर्ने भन्ने विषयमा हामी सबै घोट्लिनु जरुरी छ । यो आन्दोलनपछि पुराना-नयाँ सबै दलहरूले यही शासकीय शैली र यस्तै प्रणालीबाट चाहिँ देश अगाडि बढ्न सक्दैन भन्ने कुरा स्वीकार गरेको विषय हो । यसबाट एउटा राजनीतिक सहमति आउन सक्ने सम्भावना देखिन्छ । यो निर्वाचनपछि पनि कुनै एउटै दलको दुईतिहाइ वा एउटै दलको बहुमत नआउन सक्छ । त्यस्तो बेलामा संविधान संशोधन गरी संरचनागत रूपान्तरण गर्ने कुरा जटिल हुन सक्छ । तथापि आधारभूत कुरा तय गरी राजनीतिक सहमति गरेर अब आउने प्रतिनिधिसभाको पहिलो काम संविधान संशोधन हुनु जरुरी छ ।

संघीयता, शासकीय स्वरूप र निर्वाचन प्रणालीमा दलहरूबीच तीव्र मतभिन्नता देखिन्छ । यसले निर्वाचनपछि संविधान संशोधनको विषय चुनौतीपूर्ण बन्ने देखिन्छ ।

तुलनात्मक रूपमा यो पटक जेनजी युवाको सहभागिता पनि केही बढी हुने अवस्था देखिन्छ । यसले गर्दा थाती रहेका जेनजी आन्दोलनले उठाएका विषयवस्तु लगायत मुलुकमा उठ्दै आएका सवाललाई समेटेर एउटा वृहत् राजनीतिक सहमति गरी संविधान संशोधन नै अबको बाटो हो । मुलुकलाई थप असफलता हुनबाट जोगाउने हो भने 'ह्वाइ नेशन्स फेल' भन्ने पुस्तकमा उल्लेख गरिए अनुसार दोहनकारी संस्थालाई कसरी समावेशी संस्थाको रूपमा विकास गर्ने र मुलुकमा भएका आधारभूत सवाललाई सम्बोधन गर्ने भन्ने विषय नै पहिलो प्राथमिकतामा रहनु पर्दछ।

अधिकांशको घोषणापत्रमा संरचनात्मक रूपान्तरणको कुरा उल्लेख भएको छ । तथापि त्यहाँ उल्लेख भएका कुरा प्रष्ट भने छैनन् । संविधान संशोधनको विषयमा पनि त्यस्तै छ । घोषणापत्रमा संविधान संशोधन एजेन्डा त बनेको छ तर के-के कुरा कसरी भन्ने प्रस्ट छैन । कांग्रेसले निर्वाचन प्रणाली सुधार र राजनीतिक सहमतिको 'फ्रेमवर्क' बनाउने, एमालेले राष्ट्रिय सहमतिमा परिमार्जन गर्ने र नेकपाले शासकीय स्वरूप बदल्ने एजेन्डा सारेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्ष निर्वाचित कार्यकारीको माग गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टीले राजसंस्था र हिन्दु राष्ट्रको मुद्दा उठाएको छ ।

संघीयता, शासकीय स्वरूप र निर्वाचन प्रणालीमा दलहरूबीच तीव्र मतभिन्नता देखिन्छ । यसले निर्वाचनपछि संविधान संशोधनको विषय चुनौतीपूर्ण बन्ने देखिन्छ । त्यसैले पनि आशातीत रूपान्तरण हुने कुरामा शंका पैदा भएको छ । त्यसका लागि नागरिक समाज, जेनजी अभियन्तालगायत सम्पूर्ण नेपाली नागरिकले खबरदारी गरिरहनु जरुरी छ । 'डिस्ट्रक्सन' त भइ नै सक्यो । अब यसले 'क्रिएटिभिटी' देखाउने पालो छ । र त्यो देखाउनका लागि साह्रै सुझबुझका साथ राजनीतिक दलहरू अगाडि बढ्न जरुरी हुन्छ । अन्यथा मुलुकले पटक-पटकको आन्दोलन थेग्न साह्रै गाह्रो हुन्छ ।

## स्वास्थ्य

# भोक नलाग्नु कुनै रोगको संकेत हो ?



आजकल भोक नलाग्नु सामान्य समस्या भएको छ । कहिलेकाहीं हामी थकान वा व्यस्त तालिकाको नतिजा भनेर यसलाई बेवास्ता गर्छौं । तर लामो समयसम्म यो समस्या रहिरहनु भनेको शरीरको लागि खतरनाक सङ्केत हुन सक्छ । भोक नलाग्नु शरीरमा असन्तुलन वा समस्याको सङ्केत हुन सक्छ भन्ने विश्वास आयुर्वेद र विज्ञान दुवैले गर्छन् । आयुर्वेदका अनुसार कमजोर पाचन शक्तिका कारण पनि भोक नलाग्न सक्छ ।

विज्ञानले हार्मोनल परिवर्तन, तनाव वा रोगले मस्तिष्क र पेटबिचको सङ्केतहरूलाई बाधा पुऱ्याउँछ भन्ने विश्वास गर्छ, जसले गर्दा भोक लाग्दैन ।

**पाचन**

भोक नलाग्नुको सबैभन्दा सामान्य कारणमध्ये एक पाचनसम्बन्धी समस्या हो । यदि ग्यास, एसीडीटी वा कब्जियत जस्ता समस्याहरू छन् भने शरीरले कम खाना चाहन्छ । आयुर्वेदमा, यसलाई अपच भनिन्छ, जसको अर्थ पाचनले राम्रोसँग काम नगर्दा, खाना खाने इच्छा कम हुन्छ । यसले पेटमा भारीपन वा जलन पनि निम्त्याउँछ ।

**बिमारी**

रोगहरू पनि भोक नलाग्नुको प्रमुख कारण हुन् । चिसो लाग्नु, ज्वरो आउनु, भाइरल सङ्क्रमण, पेटको फुल्नु वा सुन्निनु, वा फुड प्वाइजनिङजस्ता अवस्थाहरूले शरीरलाई कमजोर बनाउँछ । यस समयमा, शरीरले ऊर्जा बचत गर्ने प्रयास गर्छ र खाना पचाउन समय खर्च गर्न चाहँदैन, जसले गर्दा भोक कम हुन्छ ।

तनाव र मानसिक स्थितिले पनि भोकलाई असर गर्छ । अत्यधिक चिन्ता, डिप्रेसन, वा उदासीले हर्मोनलाई असर गर्छ । यो परिवर्तनले मस्तिष्कलाई पेटमा भोकको सङ्केत पठाउनबाट रोक्छ । आयुर्वेदले यसलाई मन-खाद्य असन्तुलनसँग जोड्छ । जब दिमाग अशान्त हुन्छ, शरीरको अग्नि (आगो) कमजोर हुन्छ, र भोक घट्छ ।

**औषधिहरू**

केही औषधिहरूले भोकलाई पनि असर गर्छ । उदाहरणका लागि, एन्टिबायोटिक, क्यान्सरको औषधि, दुखाइ निवारक, र एन्टी-डिप्रेसेन्टहरूले शरीरको प्राकृतिक भोकलाई दबाउन सक्छन् । यी औषधिहरूले पेट र मस्तिष्कबिचको हर्मोनल सङ्केतहरूलाई परिवर्तन गर्ने भएकोले कम भोक लाग्छ भनेर विज्ञानले भन्छ । तपाईंलाई पनि भोक लाग्दैन ? लामो समयसम्म यस्तो समस्या रहिरह्यो भने तौल घट्ने, कमजोरी वा पोषणको कमीको अनुभव गर्नुभएको छ भने तुरुन्तै डाक्टरसँग परामर्श गर्नुहोस् ।

## विश्व

# लागुऔषध गिरोह भिडन्तले पर्यटनमा चिन्ता



सन् २०२६ को फिफा विश्वकपका खेलहरू आयोजना गर्ने तयारीमा रहेको मेक्सिकोमा शक्तिशाली लागुऔषध गिरोहविरुद्धको सैन्य कारबाहीपछि भड्किएको हिंसाले पर्यटन क्षेत्र चिन्तित बनेको छ । विशेष गरी जलिस्को राज्यका सहरहरूमा भएको गोलीबारी र विस्फोटका घटनाले स्थानीय व्यवसायी र पर्यटक दुवैमा असहजता बढाएको छ ।

जलिस्कोको पहाडी सहर टपाल्पामा पारिवारिक सानो पसल सञ्चालन गर्दै आएकी ५० वर्षीया मारिया डोलोरेस अगुइरेका अनुसार पछिल्लो घटनाले जीविकोपार्जनमै असर पार्ने डर बढेको छ । मेक्सिकाली सेनाले नजिकै 'एल मेन्चो' भनेर चिनिने लागुऔषध गिरोहका नेता नेमेसियो ओसेगुरा सर्भान्टेसविरुद्ध कारबाही गर्दा गोलीबारी र हेलिकप्टरको गतिविधि देखिएको थियो । अधिकारीहरूका अनुसार उक्त अपरेसन र त्यसपछिको झडपमा ७० जनाभन्दा बढीको ज्यान गएको छ ।

ओसेगुरा सर्भान्टेस जलिस्को न्यु जेनेरेसन लागुऔषध गिरोहका नेता थिए, जसलाई फेन्टानिल, मेथामफेटामाइन र कोकेन तस्करीसँग जोडेर हेरिँदै आएको थियो । ह्वाइट हाउसले उक्त अपरेसनमा अमेरिकी खुफिया सहयोग रहेको पुष्टि गर्दै मेक्सिकाली सेनाको प्रशंसा गरेको छ । अमेरिकी विदेश मन्त्रालयले उनको गिरफ्तारीका लागि सूचना दिने व्यक्तिलाई एक करोड ५० लाख डलरसम्म पुरस्कार दिने घोषणा गरेको थियो ।

मेक्सिको सरकारले लागुऔषध गिरोहविरुद्ध कारबाही तीव्र बनाउँदै आएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आपराधिक समूहहरूविरुद्ध कडा कदम नचाले थप शुल्क वा एकपक्षीय कारबाहीको चेतावनी दिनुभएको थियो । विश्वकै ठूलो फेन्टानिल तस्कर मानिएका नेताको मृत्युले दबाब कम हुने अपेक्षा गरिएको भए पनि सम्भावित प्रतिशोधको चिन्ता बढेको छ ।

प्रशान्त तटीय पर्यटकीय सहर पोर्टो भल्लार्टामा आइतबार बिहान विस्फोट र कालो धुवाँ देखिएपछि पर्यटकहरू त्रासित भएका थिए । ५७ वर्षीय अमेरिकी पर्यटक स्टिभ पर्किन्स र उनकी पत्नी गेललेले आफ्नो होटलको छतमा हुँदा वरिपरि विस्फोट सुनेकी थिइन् । सोमबार उडान रद्द भएपछि उहाँहरूको स्वदेश फिर्ता ढिलाइ भएको थियो । सन् २०१२ देखि नियमित रूपमा यहाँ भ्रमण गर्दै आएका उहाँहरूले भविष्यमा पुनः आउने विषयमा पुनर्विचार गर्नुपर्ने बताए।

टपाल्पामा अगुइरेको १५ वर्षीय छोराको कक्षा हिंसाका कारण रद्द गरिएको थियो । उनका अनुसार अहिले क्षेत्रको नियन्त्रण सेना वा लागुऔषध गिरोहमध्ये कसको हातमा छ भन्ने स्पष्ट छैन । "यदि नेताको मृत्यु भएको हो भने अब नेतृत्व र नियन्त्रणका लागि फेरि सङ्घर्ष हुन सक्छ", उनले चिन्ता व्यक्त गरे ।

जलिस्को राज्यले आगामी विश्वकपका खेलहरू आयोजना गर्ने भएकाले सुरक्षा व्यवस्थाप्रति विशेष चासो बढेको छ । स्थानीय व्यवसायीहरूका अनुसार भर्खरैका हिंसात्मक घटनाहरूले विदेशबाट आउने पर्यटकहरूलाई यात्रा गर्ने विषयमा फेरि सोच्न बाध्य पार्ने सम्भावना छ । त्यसैले सरकारले कडा सुरक्षा प्रबन्धहरू लागू गरी आगन्तुकहरूको विश्वास फिर्ता ल्याउन आवश्यक देखिन्छ ।

काँक्रेविहार
राष्ट्रिय दैनिक
www.kankrebihar.com

## सुर्खेतका मतदाता भन्छन् :

# धारामा पानी आउदैन, प्यास कसरी मेट्ने ?



❐ काँक्रेबिहार संवाददाता
सुर्खेत, १२ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन आउन केही दिन बाकी रहदा देशभर चुनावी रौनक चर्किएको छ। सहरदेखि गाउँसम्म झण्डा, माइक र भाषणले गाउँ बस्ति चर्कियको छ। तर सुर्खेत पश्चिमस्थित चौकुने गाउँपालिको तोलीसैन गाउँमा चुनाव भनेको भोट हाल्ने उत्सव होइन–गाग्री बोकेर पानी खोज्ने अर्को कठिन बिहान बन्छ।

बर्खामा भरिने कुवा, माघमै सुक्ने गरेको स्थानीयले बताउछन्। बर्खाको पानीले भरिने कुवा माघ नलाग्दै सुक्छ। धारा बनाइए पनि हिउँदमा पानी थामिन्छ तर प्रभावकारी बन्न सकेको छैन् । बस्तीका करिब ३० घरधुरीमध्ये अहिले आधाभन्दा कम मात्र बसोबास गरिरहेका छन्। बाँकी परिवारहरू पानीकै कारण अन्यत्र सर्न परेको स्थानीय बताउछन्। स्थानीयहरू भन्छन् खेत उर्वर थियो, पुर्खाले जोतेको जमिन हो। तर पिउने पानी नहुँदा खेती पनि टिकेन, । जीविकोपार्जन पानीको अभावले खेत बाँझिँदै गएका छन्। खेती नहुँदा आम्दानी घटेको छ, युवाहरू रोजगारीको खोजीमा बाहिरिन बाध्य छन्। विद्यालय जाने बालबालिकाको संख्या घट्दै गएको छ। पानीको अभावले यहाँ शिक्षा, स्वास्थ्य र समग्र सामाजिक जीवनलाई नै असर पारेका स्थानीय बताउछन्

सिँचाइ त परै जाओस्, पिउन र पकाउनकै पानीका लागि घण्टौं हिँड्नु पर्छ। महिलाहरू र बालबालिकाको दैनिकी गाग्री बोकेर उकालो-ओरालो दौडिनमै दनि बित्छन्। चुनावको समयमा नेताहरू विकास, समृद्धि र परिवर्तनका नारा लिएर गाउँ पस्छन्। तर तोलीसैनका बासिन्दाका लागि समाधान कहल्लै बनेन्। स्थानीय बासिन्दा भन्छन्, हामीलाई भाषण चाहिँदैन। एकछिन फोटो खिचेर जाने योजनाभन्दा दीर्घकालीन समाधान चाहिन्छ। विगतका चुनावमा पनि पानीको समस्या समाधान गर्ने आश्वासन पटक-पटक आएको छ। कागजमा योजना बने, सर्वे भए, तर व्यवहारमा पानी आएन।

यसले स्थानीयमा निराशा र अविश्वास बढाएको छ। यसपालि पनि भोट माग्न आउनुहुन्छ होला," एक वृद्ध स्थानीय भन्छन्, तर हाम्रो एउटै प्रश्न छ–हाम्रो गाग्री कहिले भरिन्छ ? तोलीसैनको पीडा केवल एउटा गाउँको कथा होइन; यो ग्रामीण नेपालका सयौँ बस्तीको साझा आवाज हो। चुनाव लोकतन्त्रको उत्सव हो भने, नागरिकको आधारभूत आवश्यकता पूरा हुनु नै यसको सार हो। पिउने पानीजस्तो न्यूनतम अधिकार सुनिश्चित नगरी विकासका ठूला कुरा गर्नु खोक्रो नारा मात्र रहेको बताएका छन्। त्यहाँका बासिन्दाले चुनावी नाराभन्दा फरक प्रश्न सोधिरहेको छ, हाम्रो गाग्री कहिले भरिन्छ ? यस प्रश्नको उत्तर भाषणमा होइन, जमिनमा देखिने काममा खोजिनुपर्छ। निरन्तर बग्ने धारा आए मात्र यहाँ बस्ती टिक्नेछ, खेती फर्कनेछ र चुनाव पनि उत्सवजस्तै महसुस हुनेछ। अहिलेका लागि भने, तोलीसैनमा भोटको बहसभन्दा पानीको खोज नै सबैभन्दा ठूलो राजनीति बनेको छ।

# सुन बजार-बजारमा, नुनका लागि दुई दिनको पैदल यात्रा

❐ काँक्रेबिहार संवाददाता
हुम्ला, १२ फागुन

बजारमा सुन सजिलै पाइन्छ, तर भान्साको अत्यावश्यक नुन किन्न हुम्लाका नागरिकले दुई दिनसम्म पैदल हिँड्नुपर्ने बाध्यता छ। अनुदानको नुन लिन सदरमुकाम सिमकोट पुग्नुपर्ने अवस्था हुँदा यहाँका सर्वसाधारण थप सास्ती भोग्न बाध्य भएका छन्। जिल्लाको खार्पुनाथ गाउँपालिका-१, लालीगाउँकी पुल्तिसरा जैसी अनुदानको नुन किन्न सिमकोट विमानस्थल गेटमा लामो लाइनमा उभिन बाध्य भएको बताइन। नुन किन्नको लागि उनी एक दिन पैदल हिँडेर खार्पुनाथ-१ को देउखुरी गाउँबाट सिमकोट आइपुगेको बताउछिन्।

दिनभर पैदल हिँडेर आएकी उनलाइ आठ प्याकेट नुन बोकेर गाउँ फर्किन फेरि एक दिन लाग्ने गर्दछ। दुई दिनको समय खर्चिए पनि आफूलाई आवश्यक परिमाणमा नुन किन्न नपाएको उनको गुनासो छ। एक नागरिकताबाट एक जनाले आठ प्याकेट मात्रै नुन खरिद गर्न पाउने नियम लागू गरिएको उनले बताइन्।

बजारमा सुन किन्न सजिलो छ, तर नुन किन्न लाइन बस्नुपर्छ, पुल्तिसरा जैसी भन्छन्



पहिला चामलका लागि लाइन बस्नुपर्थ्यो, अहिले नुनकै पालो आएको छ। पुल्तिसरा जस्तै खार्पुनाथ-१, देउखुरीका कृष्णप्रसाद जैसी पनि नुन किन्न लाइनमा उभिनुपरेको बताउछन् एक दिन सिमकोट आउन लाग्छ, फर्किन पनि त्यत्तिकै समय लाग्छ। आठ प्याकेट नुनका लागि दुई दिन खर्चिनु पर्छ, उनले दुःखेसो पोखे त्यस्तै, सिमकोट गाउँपालिका-८ का तुलराज बुढा पनि अनुदानको नुन किन्न तीनदेखि चार घण्टा पैदल हिँडेर सिमकोट आएको बताउ छन्। एउटा नागरिकताबाट आठ प्याकेट नुनमै सीमित हुनुपरेको छ। त्यही नुन पनि सहजै पाइँदैन, उनले भने।

स्थानीयवासीका अनुसार सदरमुकामका बजारमा सुन तथा अन्य विलासी सामान सहजै उपलब्ध भए पनि जीवनयापनका लागि अपरिहार्य नुनका लागि भने लामो यात्रा, लाइन र कडाइ भोग्नुपरेको बताएका छन्। यसले दुर्गम क्षेत्रका नागरिकको दैनिकी कति कठिन छ भन्ने यथार्थ उजागर गरेको छ।

# पाँचसय बढी किसान आलु खेतीमा संलग्न

❐ काँक्रेबिहार संवाददाता
सल्यान, १२ फागुन

जिल्लाको बाफुखोला क्षेत्र पछिल्लो समय व्यावसायिक आलु खेतीका कारण हरियाली र समृद्धिले चम्किएको छ । बागचौर नगरपालिका-१२ बाफुखोला र आसपासका वडामा करिब ५ सय ५० भन्दा बढी घरधुरीका किसान आलु खेतीमा सक्रिय छन्।

खेतबारीमा बनाइएका व्यवस्थित ड्याङमा लगाइएका आलु बालीले अहिले गाउँको दृश्य नै परिवर्तन भएको छ। वडा अध्यक्ष टिकाराम वलीका अनुसार यस क्षेत्रका किसानहरूले आलु खेतीबाट वार्षिक करोडौँ रुपैयाँ आम्दानी गर्दै आएका छन्।

उनका अनुसार आफ्नै वडामा मात्र करिब ५ सय ५० घरपरिवारले व्यावसायिक रूपमा आलु खेती गर्दै आएका छन्। यहाँ पुसको दोस्रो सातादेखि फागुनको पहिलो सातासम्म आलु रोपाइँ गरिन्छ। त्यसपछि चैतको पहिलो साताबाट गोडमेल सुरु हुने र गोडमेलपछि ड्याङको



बीचभागमा मकै रोप्ने परम्परा रहेको किसानहरू बताउँछन्। असारको अन्त्यतिर आलु खन्ने काम सुरु हुन्छ। मौसम अनुकूल भए उत्पादन उल्लेख्य हुने किसानहरूको अनुभव छ। व्यापारीहरू खेतमै आएर आलु खरिद गर्ने भएकाले बजार लैजाने झन्झट नपरेको स्थानीय कृषक गोपिलाल वलीले बताए।

उनका अनुसार आलु खेती अहिले गाउँको भरपर्दो आम्दानीको स्रोत बनेको छ। वडा अध्यक्ष टिकाराम वली स्वयं पनि व्यावसायिक आलु खेतीमा संलग्न छन् । उनले करिब १८ रोपनी क्षेत्रमा २५ क्विन्टल बीउ आलु रोप्नुभएको छ। मूल्य राम्रो हुँदा १० लाख रुपैयाँसम्म आम्दानी हुन्छ, न्यून अवस्थामा पनि ६,७ लाख रुपैयाँभन्दा कम हुँदैन उनले भने। पहिले सडक र पहुँचको अभावमा प्रतिक्विन्टल १ हजार ५ सय रुपैयाँसम्ममै आलु बेच्नुपरेको अनुभव किसानहरूसँग छ। तर अहिले भने बारीबाटै प्रतिक्विन्टल ६ हजारदेखि ७ हजार रुपैयाँसम्म आलु बिक्री भइरहेको छ। बीउ आलुको मूल्य भने प्रतिक्विन्टल १० हजार रुपैयाँसम्म पुगेको किसानहरू बताउँछन्।

समयमै वर्षा भए उत्पादन अझै बढ्ने किसानहरूको भनाइ छ। वर्षा नहुँदा वैकल्पिक सिंचाइ प्रणाली प्रयोग गर्ने गरिएको छ। पछिल्लो समय विद्युत् विस्तार भएपछि सिंचाइ सहज भएको वडा अध्यक्ष वलीले जानकारी दिए। बागचौर नगरपालिका वडा नं. ४ लौराबाङ, वडा नं. ६ र वडा नं. ११ मा पनि आलु उत्पादन हुँदै आएको छ। वडा नं. ४ लौराबाङका किसान महेन्द्र केसीले २० रोपनी क्षेत्रमा १६ क्विन्टल बीउ आलु रोपेको बताए ।

यो क्षेत्र अदुवा, बेसार, टिमुर, मकै, गहुँ तथा बेमौसमी तरकारी खेतीका लागि पनि उपयुक्त मानिन्छ। स्थानीय तथ्यांकअनुसार साविक बाफुखोला गाविस क्षेत्रबाट गत वर्ष मात्र करिब १८ करोड रुपैयाँ बराबरको आलु बाहिरिएको थियो। वडा नं. १२ बाट मात्रै वार्षिक १० करोड रुपैयाँभन्दा बढीको आलु बिक्री हुने गरेको वडा कार्यालयले जनाएको छ। यहाँ उत्पादित आलु दाङ, नेपालगञ्ज, भैरहवा, बुटवल र पोखरालगायतका सहरमा आपूर्ति हुँदै आएको छ।

# आचारसंहिता उल्लङ्घनका मौखिक उजुरी बढ्दै




❐ काँक्रेबिहार संवाददाता
कञ्चनपुर, १२ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा कञ्चनपुरमा चुनावी प्रचारप्रसार तीव्र बन्दै गएको छ। यससँगै निर्वाचन आचारसंहिता उल्लङ्घनसम्बन्धी मौखिक उजुरीहरूको संख्या बढ्दै गएको भए पनि लिखित उजुरी भने न्यून मात्रामा दर्ता भएका छन्।

निर्वाचन आचारसंहिता अनुगमन समितिका अनुसार हालसम्म तीन वटा मात्र लिखित उजुरी दर्ता भएका छन्। आचारसंहिता अनुगमन अधिकृत तथा सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीले मौखिक रूपमा प्राप्त गुनासोलाई प्राथमिकताका साथ तत्काल समाधान गर्ने गरिएको जानकारी दिए।

उनका अनुसार आचारसंहिताविपरीत टाँसिएका प्रचार सामग्री हटाउन तथा सार्वजनिक सम्पत्तिमा गरिएको प्रचार नियन्त्रण गर्न प्रहरीलाई निर्देशन दिइँदै आएको छ। लिखित रूपमा दर्ता भएका उजुरीमाथि आवश्यक छानबिन प्रक्रिया अगाडि बढाइएको जनाउँदै उनले सम्बन्धित उम्मेदवार वा राजनीतिक दलसँग स्पष्टीकरण माग्ने, प्रमाण सङ्कलन गर्ने तथा आवश्यक परे कारबाहीका लागि सिफारिस गर्ने कार्य भइरहेको बताए।

हालसम्म गम्भीर प्रकृतिका आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी नपरेको पनि उनले जानकारी दिए। जिल्लामा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूले घरदैलो, कोणसभा, मोटरसाइकल ऱ्याली तथा टोल भेलामार्फत चुनावी अभियानलाई तीव्र बनाएका छन्। प्रचारप्रसारका क्रममा

सार्वजनिक स्थानमा अनधिकृत रूपमा टाँसिएका पोस्टर र ब्यानर, तोकिएको समयभन्दा बाहिर लाउडस्पिकर प्रयोग तथा ध्वनि प्रदूषणसम्बन्धी गुनासा बढी आएका छन्। तर यस्ता विषयमा लिखित उजुरी भने सीमित मात्रामा परेको अनुगमन समितिले जनाएको छ। चुनावी अभियान विस्तारसँगै बजार क्षेत्रबाट ग्रामीण बस्तीहरूमा समेत प्रचार सामग्रीको प्रयोग बढ्दै गएको छ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन सबै राजनीतिक दल, उम्मेदवार तथा समर्थकलाई आचारसंहिता कडाइका साथ पालना गर्न समितिले आग्रह गरेको छ। जिल्लामा शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न गराउन प्रशासन र सुरक्षा निकाय सतर्क अवस्थामा रहेका छन्।

## 'डेढ करोड रुपैयाँ सहयोग जम्मा भयो'

❐ काँक्रेबिहार संवाददाता
काठमाडौं, १२ फागुन

राष्ट्रिय महिला फुटबलर साविित्रा भण्डारी साम्बाले आफ्नो उपचारमा सहयोगका लागि एक करोड ४५ लाख रुपैयाँ सहयोग जुटेको जानकारी गराएकी छन्। अब मंगलवारबाट आफ्नो अकाउन्टमा सहयोग बन्द गर्न उनले अपिल गरेकी छन्। साम्बाले आफूलाई खुट्टामा लागेको चोटको उपचारार्थ सहयोग अपिल गरेकी थिइन्।

**हिउँद तथा गर्मी यामको सुख्खा मौसममा वन जंगलमा वन डढेलो लाग्ने सम्भावना भएकाले हामी सबै जना सचेत होऔं । हाम्रो सानो लापर्वाहीले आगोको सानो झिल्कोले वन डढेलोको ठुलो रुप लिन सक्दछ जसबाट जनधनको ठुलो क्षति भई विपत्ति निम्तिन सक्दछ । त्यसैले वन डढेलोबाट बच्न निम्न तरिकाहरु अपनाऔं ।**

- **वस्ती तथा वन जंगलको छेउ खुल्ला ठाउँमा आगो नबालौं ।**
- **चुरोट, बिडि खाएर आगो सहितको ठुटा जहांतहि नफालौं । निभाएर मात्र फालौं ।**
- **बालबालिकाको पहुँचबाट सलाई लाईटर जस्ता आगो बाल्न प्रयोग हुने वस्तुहरु टाढा र सुरक्षित स्थानमा राखौं । जंगल जाँदा उक्त सामग्रीहरु सकेसम्म नलैजाऔं ।**
- **पेट्रोल, डिजल, खाना पकाउने ग्यास, मट्टितेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र होसियारीपुर्वक प्रयोग गरौं ।**
- **वनभोज जाँदा सकेसम्म वन जंगलभन्दा बाहिर जाने गरौं । वनभोज सकिएपछि आगो रामरी निभाऔं ।**
- **वनमा भएका पातपतिङ्गर तथा सोत्तर सफा गरि अग्निरेखा निर्माण गरौं । अग्निरेखा निर्माण गर्दा संकलित पातपतिङ्गर तथा सोत्तर नियन्त्रित र सुरक्षित तवरले जलाऔं ।**

डिभिजन वन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

एक रोपौं, वन जोगाऔं

# सडक बनाउने आश्वासन दिएर भोट माग्दै नेता

❐ काँक्रेबिहार संवाददाता
पाल्पा, १२ फागुन

आर्यभञ्ज्याङ-रामपूर सडक बनाउने आश्वासन दिएर नेताहरुले मत मागेको तीन दशक भयो। यही सडकका नाममा उम्मेदवारहरुले मत मागेर चुनाब जिते, सदनमा पुगे। तर सडकको अवस्था उस्तै छ। जब जब निर्वाचन नजिक आउँछ, तब यस क्षेत्रका उम्मेदवारले छिटै सडक बन्ने आश्वासन दिन्छन्। तर जितेर गएपछि अवस्था उस्तै।

यसपटक भने जनताले उम्मेदवारलाई बाटो बनाएको खै ? भनेर सोध्न थालेका छन्। सिलुवाका मान बहादुर बयम्बु यो सडक बनाउँछु भनेर नबनाउने उम्मेदवारलाई प्रश्न गरेको बताउँछन्। पाल्पाको आधा भागमा फैलिएको यो सडक सिद्धार्थ राजमार्ग भन्दा पनि पहिलेदेखि प्रयोगमा थियो।

स्थानीयले जनश्रमदानबाट बनाएको यो सडक पछिल्ला वर्षहरुमा संघ र प्रदेश सरकारको चासोमा नपरेपछि बिग्रदो अवस्थामा छ।

स्थानीय कमला श्रेष्ठ पटकपटक सडक बनाउने आश्वासन दिएर पनि नबनाएका कारण यसपटक मत बदल्ने बताउँछिन्। उनी जसले सडक बनाउने विश्वास दिलाउन सक्छ उसैलाई भोट दिने बताइन्।

यो बाटो घिउ, अदुवा, सुठोसँग लत्ता कपडा, नुन मसला र मटितेल साट्न बुटबल जाने पनि थियो। जब उत्तर दक्षिण जोड्ने काली गण्डकी करिडोर बन्यो तब, यो सडक अलपत्र भयो। कसैको चासोमा परेन। २०६३ सालमा जिल्ला विकास समितिले कालोपत्रे गरेको यो सडकमा दैनिक सय भन्दा बढी ठूला साना सवारीका साधन गुड्छन्।

यही सडकलाई रामपुरदेखि छहरा हुँदै सल्यानको कपुरकोट सम्म जोड्ने र यसको नामाकरण कृष्ण सेन इच्छुक मार्ग भन्ने लुम्बिनी प्रदेश सरकारले उद्घोष गरेपनि आर्यभञ्ज्याङ-रामपूर खण्डमा बजेट छैन। 'यही बाटो हिँडेर मन्त्री भए, सांसद भए, तर यो सडक बनाएनन्, अब निर्वाचनमा आउलान् त्यही बेला जवाफ दिने हो'-स्थानीय भोला थापा असन्तुष्टि व्यक्त गर्छन्।

वर्षायाममा चिप्लो र हिउँदमा धुलाम्य हुने यो सडक बनाउन कुनै जनप्रतिनिधिले चासो नदिएको स्थानीय अर्जुन कार्की बताउँछन्। '२०४८ सालदेखि नै यो सडक राजनितिक दलका उमेदवारका लागि मत माग्ने बलियो मसला बन्यो, उनी भन्छन्, तर कसैले पनि चुनाबमा गरेको वाचा पूरा गरेनन्।

आर्यभञ्ज्याङ-रामपूर सडक खण्डको उपभोक्ता समितिका पूर्व अध्यक्ष लेखनाथ पोखरेल भन्छन्-'पहिले यो मुख्य सडकका रुपमा चलेको थियो, विकल्पमा करिडोर सडक निर्माण भयो, अनि यो सडक ओझेलमा पऱ्यो, तरपनि यो सडकको उपयोग गर्नेको संख्या उत्तिकै छ, प्रदेश सरकारले यसलाई सरासर अन्याय गरेको हो।

सडक पूर्वाधार निर्देशनालयका सूचना अधिकारी अरुण गुप्ता सडक बनाउन श्रोत सुनिश्चितता नभएको बताउछन्। आर्यभञ्ज्याङ-रामपूर सडक खण्डको ताहु क्षेत्रको केही काम अगाडि बढेको र बाँकी ठाउँमा काम गर्न बजेट नभएको उनी बताउँछन्।

# अभिभावकको चन्दाबाट शिक्षकलाई पारिश्रमिक




❐ काँक्रेबिहार संवाददाता
धनगढी, १२ फागुन

भजनी नगरपालिका-७ का सञ्जय लोनिया विगत तीन वर्षदेखि गाउँकै सामुदायिक विद्यालयमा अध्यापन गर्दै आएका छन्। वडास्थित श्री हलौना बाबा आधारभूत विद्यालयमा कार्यरत लोनियाले वार्षिक रु २० देखी २५ हजार पारिश्रमिक पाउने गरेका छन्। उनको पारिश्रमिक अभिभावकहरूले स्वःस्फूर्त रूपमा सङ्कलन गरेको चन्दाबाट जुटाइने गरिएको हो। उक्त रकम निश्चित हुँदैन। अभिभावक, समाजसेवी तथा स्थानीयले जति रकम सङ्कलन गर्छन्, त्यही आधारमा पारिश्रमिक उपलब्ध हुन्छ।

आर्थिक अवस्था कमजोर रहेका बालबालिका अध्ययनरत विद्यालयमा शिक्षक अभाव भएपछि विद्यालय व्यवस्थापन समितिले चन्दा सङ्कलन गरी पारिश्रमिक दिने निर्णय गरेपछि लोनियाले आफ्नो अध्ययनसँगै अङ्ग्रेजी विषय अध्यापन सुरु गरेका हुन्। विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक जनशक्ति कम छ। पठनपाठनमा समस्या भएपछि चन्दा सङ्कलन गरेर पारिश्रमिक दिने निर्णय गरियो र त्यसपछि मैले अध्यापन सुरु गरेको हुँ, लोनियाले भने, न्यून पारिश्रमिक भए पनि आफ्नै गाउँका बालबालिका पढ्ने विद्यालय भएकाले समितिको निर्णय स्वीकार गरेर काम गरिरहेको छु। उनका अनुसार बालबालिकाले शिक्षाको अभावमा अघिल्लो पुस्ताले भोगेको कठिन जीवन दोहोर्याउन नपरोस् भन्ने उद्देश्यले आफूले पैसाभन्दा सेवाभावलाई प्राथमिकता दिएका छन्।

कक्षा १२ सम्म अध्ययन गरेका लोनिया उक्त गाउँबाट त्यहाँसम्म अध्ययन गर्ने थोरैमध्ये एक हुन्। थारु समुदायको बाहुल्यता रहेको काँढा गाउँका अधिकांश नागरिक कृषि तथा ज्यालादारीबाट जीविकोपार्जन गर्दै आएका छन्। शिक्षाप्रति सचेतना कम रहेको लोनियाको भनाइ छ। यहाँ पढाइप्रति चासो कम छ। सबैलाई जीविकोपार्जनकै चिन्ता हुन्छ, उनले भने त्यसैले बालबालिकालाई पढाइमा लगनशील बनाउन स्थानीयको आग्रहमा काम गरिरहेको छु। हाल उनले अङ्ग्रेजी तथा स्वास्थ्य तथा शारीरिक शिक्षा विषय दैनिक छ घन्टी अध्यापन गर्दै आएका छन्।

विद्यालयमा हाल १ सय ७१ विद्यार्थी अध्ययनरत छन्। कक्षा ५ सम्म अध्ययन हुने विद्यालयमा लोनियाबाहेक छ जना शिक्षक कार्यरत छन्। तीमध्ये दुई जना बालविकास, दुई जना प्राथमिक तह स्थायी, एक जना राहत दरबन्दी र एक जना नगर अनुदानका शिक्षक छन्। विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक अभाव रहेकाले स्थानीयले चन्दा सङ्कलन गरेर लोनियालाई जिम्मेवारी दिएको प्रधानाध्यापक महेश्वरी ओझाले बताइन्। विद्यालयसँग आम्दानीको स्थायी स्रोत छैन। तीन कट्ठामा सीमित विद्यालयसँग पाँच बिघाभन्दा बढी ऐलानी जग्गा भए पनि स्थानीयले अतिक्रमण गरी वर्षौंदेखि भोगचलन गर्दै आएका छन्।

# प्रविधि विस्तारबाट गहुँको उत्पादन बढाइने

❐ काँक्रेबिहार संवाददाता
बुटवल, १२ फागुन

रुपन्देहीको सम्मरीमाई गाउँपालिकाका किसान अजयकुमार यादव परम्परागत तरिकाले गहुँखेती गर्दै आएका थिए। भारतीय सीमा क्षेत्रसँग नजिक भएकाले उनले भारतबाट गहुँको बीउ ल्याएर प्रयोग गर्दै आएका छन्। आवश्यक प्राविधिक ज्ञानको अभावमा पर्याप्त उत्पादन लिन पनि सकेका थिएनन्। गहुँ उत्पादन राम्रो आम्दानी लिने सोचका साथ यादव राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले आयोजना गरेको उन्नत गहुँखेती प्रविधि तालिममा सहभागी भए।

तालिमका क्रममा उनले उन्नत जातको प्रमाणित बीउ छनोट गर्ने विधि, छर्ने तरिका, सन्तुलित मलखाद व्यवस्थापन, समयमै सिँचाइ, रोग तथा कीरा व्यवस्थापन र उत्पादन वृद्धि गर्ने आधुनिक अभ्यासबारे प्राविधिक ज्ञान हासिल गरे। एकहप्ते तालिमबाट सिकेको सीपलाई व्यवहारमा उतार्नेमात्र होइन, गाउँका अन्य किसान दाजुभाइलाई समेत सिकाउने प्रतिबद्धता यादवले व्यक्त गरे।

रुपन्देहीमा आयोजना गरिएको तालिममा २४ जिल्लामा २५ जना किसानको सहभागिता थियो। तालिममा किसानबाहेक १५ जना सम्बन्धित विषयका विद्यार्थीहरू पनि तालिममा सहभागी थिए। एक हप्तासम्म किसानलाई सैद्धान्तिक र प्रयोगात्मक विधिबाट उन्नत गहुँखेती प्रविधि तालिम सिकाइएको थियो। तालिममा सहभागी अधिकांश किसानलाई नयाँ विकास गरिएका गहुँका जातबारेसमेत थाहा थिएन। अधिकांशलाई कुन जातको गहुँको बीउ छरेको भन्ने पनि थाहा नभएको अनुभव सुनाए।

# सीमानाकामा सवारी आवागमन अस्थायी रूपमा बन्द गरिने

❐ काँक्रेबिहार संवाददाता
धनगढी, १२ फागुन



आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै भारतसँग सीमा जोडिएको कैलाली जिल्लाका सबै सीमानाकामा सवारी आवागमन अस्थायी रूपमा बन्द गरिने भएको छ। जिल्ला प्रशासन कार्यालय कैलालीले जारी गरेको सूचनाअनुसार फागुन २१ गते हुने निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न फागुन १८ गते सोमबार राति १२ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्म सीमानाकाबाट हुने सवारीसाधन आवतजावतमा रोक लगाइनेछ। सूचनामा एम्बुलेन्स, खानेपानी तथा इन्धन बोक्ने ट्याङ्कर, दमकल, दूरसञ्चार सेवा, शववाहन, अस्पताल सेवा र विद्युत् सेवाजस्ता अत्यावश्यक सेवाका सवारीसाधन तथा नम्बर प्लेटमा 'सीडी' उल्लेख भएका कूटनीतिक नियोगका सवारीसाधनबाहेक अन्य सबै प्रकारका सवारीसाधन सञ्चालनमा निषेध गरिएको उल्लेख गरिएको छ। प्रशासनले सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै उक्त निर्णय गरिएको जनाएको छ।

बालविवाह सामाजिक र कानूनी अपराध हो।

- बीस वर्ष नपुगी विवाह नगरौं, नगराऔं।
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- २० बर्ष उमेर नपुगी गरिएको विवाह स्वतः बदर हुन्छ
- कसुर गर्ने व्यक्तिलाई तीन बर्ष सम्म कैद र तीस हजार सम्म जरिवाना हुने कानूनी व्यवस्था छ।

शिक्षा विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं।
- गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं।
- बच्चा जन्मनेवित्तिकै विगौति दुध खुवाऔं।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
रानिमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

*सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !*

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस